सधैं र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

KHABAR DARPAN PRIMARY

CURRENT ACCOUNT • 2337087445300018

तपाई जुन सुकै ठाउँमा भए पनि हामीलाई सामग्री पठाएर । विज्ञापन वापतको रकम जम्मा गरेको स्क्रिनसट पठाउनुस् । हामी विज्ञापन गरी दिन्छौं ।

♦ वर्ष ९ ♦ अंक ३१५ ♦ २०८३ साल साउन १७ आइतवार ♦ 2 Aug 2026 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

# जनकपुरमा सरकार र संयुक्त हिन्दु मोर्चाबीच सहमति, आन्दोलनका सम्पूर्ण कार्यक्रम स्थगित





**खबर दर्पण समाचारदाता**

**साउन १६ गते, जनकपुरधाम**

जनकपुरमा भएको सरकारी पक्ष र आन्दोलनरत हिन्दुवादी मोर्चाबीच सहमति भएको छ । वार्तामा सहमति भएपछि आन्दोलनरत संयुक्त हिन्दु मोर्चा द्वारा आन्दोलनका सम्पूर्ण कार्यक्रम तत्कालका लागि स्थगित गरिएको छ।

शनिबार भएको दुई चरणको वार्तापछि सहमति भएको धनुषाका सहायक प्रमुख जिल्ला अधिकारी भूदेव झाले जानकारी दिनुभयो ।

सोही अनुसार नेपाल सरकारले काम गर्नेगरी दुवै पक्षबीच सहमति भएको धनुषाका सहायक प्रमुख जिल्ला अधिकारी भूदेव झाले जानकारी दिए ।

सुनसरी घटनापश्चात मधेशमा उत्पन्न तनाव कम गर्दै आपसी शान्ति, सद्भाव, सहिष्णुता कायम गर्न नेपाल सरकारका गृहमन्त्री सुधन गुरुङसहित मधेश प्रदेश सरकार र स्थानीय सरकारका प्रतिनिधिहरूबीच वार्ता भएको हो ।

सहमतिअनुसार आन्दोलनमा सहभागी नागरिकहरूको सुरक्षा तथा शान्ति-सुरक्षाको प्रत्याभूति सरकारले गर्ने भएको छ। त्यसैगरी, २०६२/०६३ सालदेखि हालसम्म नेपाली नागरिकको सन्दर्भमा भएका छानबिनलाई निरन्तरता दिँदै विदेशी नागरिकसँग सम्बन्धित विषयमा आवश्यक कानुनी प्रक्रिया अघि बढाइने उल्लेख गरिएको छ।

मदरसा, मस्जिद तथा अन्य धार्मिक संस्थामा सञ्चालन भइ रहेका विभिन्न गतिविधि तथा फन्डिङको छानबिन गरी आवश्यक अनुगमन तथा नियमन गर्दै कानुन बमोजिम कारबाही प्रक्रिया अघि बढाइने सहमति भएको छ। १२ वर्षीय आनन्द दासको घटनामा संलग्न व्यक्तिको पहिचान गरी कानुनी कारबाही गर्ने तथा पीडित परिवारलाई क्षतिपूर्ति उपलब्ध गराउने विषयमा पनि सहमति भएको छ।

यसअघि मोर्चाले सरकारसमक्ष १३ बुँदे मागपत्र पेश गरेको थियो। मागपत्रमा नेपाललाई हिन्दु राष्ट्र घोषणा गर्ने विषयमा सर्वदलीय छलफल अघि बढाउने र यसका लागि थप छलफल गर्न सरकारलाई ३ महिनाको समय दिएर सहमति जुटेको बताइएको छ ।

त्यसैगरी सहमतीमा धार्मिक कार्यक्रममा हतियार प्रदर्शन नियन्त्रण गर्ने, धार्मिक स्थलमा ध्वनि प्रदूषण नियन्त्रण, धार्मिक स्थलमा बसोबास गर्ने व्यक्तिको अभिलेखीकरण, सामाजिक सञ्जालमार्फत धार्मिक तथा साम्प्रदायिक द्वेष फैलाउनेमाथि कारबाही, देवानगञ्ज घटनापछि पक्राउ परेकाहरूको मुद्दा पुनरावलोकन, घाइतेहरूको उपचार, धार्मिक आयोगसम्बन्धी कानुनी व्यवस्था पुनरावलोकन लगायतका विषय समावेश छन्।

वार्तापछि संयुक्त हिन्दु मोर्चाले सहमतिको सम्मान गर्दै आन्दोलनका सम्पूर्ण कार्यक्रम तत्कालका लागि स्थगित गर्ने घोषणा गरेको छ। मोर्चाले सरकारले सहमतिअनुसार कार्यान्वयन प्रक्रिया अघि बढाउने विश्वास व्यक्त गरेको छ।







फारम भर्ने अन्तिम मिति : २०८३ श्रावण १७ गते सम्म

प्रवेश परीक्षा : २०८३ श्रावण २१ गते

# कांग्रेसको संस्थापन इतर समूहद्वारा राष्ट्रिय भेला आयोजक समिति गठन

**खबर दर्पण समाचारदाता**

**साउन १६ गते, बर्दिवास**

नेपाली कांग्रेसको संस्थापन इतर समूहले डा. शशांक कोइरालाको संयोजकत्वमा राष्ट्रिय भेला आयोजक समिति गठन गरेको छ ।

शनिबार सो समूहको सम्पर्क कार्यालय चूनदेवीमा पत्रकार सम्मेलन गर्दै कोइरालाको संयोजकत्वमा ५ सय ५१ सदस्यीय मूल आयोजक समिति गठन गरेको जनाएको हो । मूल आयोजक समितिसहित १६ वटा विभिन्न उपसमिति पनि बनाइएको नेता कोइरालाले जानकारी दिनुभयो ।

हरेक चुनौतीमा सामना गर्न सक्ने वैचारिक, नीतिगत एवं संगठन, संगठनात्मक दृष्टिले नयाँ र स्पष्ट कार्यदिशा सहित पार्टीलाई सबल र सक्षम बनाउने उद्देश्यले भेलाको आयोजना गरिएको उहाले बताउनुभयो ।

भेलामा पार्टी भित्रको वर्तमान अवस्था, मुलुकमा देखिएको र ाजनीतिक, आर्थिक, सामाजिक तथा धर्म-सांस्कृतिक लगायतका नागरिक जीवनसँग जोडिएको विविध गम्भीर सवालहरुमा गहन छलफल हुने नेता कोइरालाले बताउनुभयो । उहाले पार्टी भित्र सम्पूर्ण एकताका लागि अनवरत प्रयास, धैर्यता र पहल गर्दागर्दै पनि पदीय जिम्मेवारी मा रहेका नेताहरुबाट सार्थक भूमिका नदेखिएपछि पार्टीका नेता, कार्यकर्ता, जनप्रतिनिधि एवं शुभचिन्तकहरुमा देखिएको चिन्ता र निराशालाई सम्बोधन गर्न राष्ट्रिय भेला आयोजना गर्न बाध्य भएको उल्लेख गर्नुभयो । साथै उहाले लोकतान्त्रिक संविधान माथि प्रहार भइरहेको र धार्मिक तथा साम्प्रदायिक द्वन्द्वका घटनाहरु दिन प्रतिदिन बढिरहेको अवस्थामा राष्ट्रिय एकताको खाँचो रहेको बताउनुभयो । उहाले सुनसरी लगाएतका स्थानमा भएको घटनाका घाइतेहरुको उचित स्वास्थ्योपचारको व्यवस्था गर्न र मृतकका परिवारलाई उचित क्षतिपूर्ति प्रदान गर्न सरकारसँग माग गर्नुभयो ।

संस्थापन इतर समूहले राजनीतिक स्थिरता, सामाजिक सद्भाव र धार्मिक सहिष्णुता कायम गर्न हरेक पार्टी भित्रको बलियो एकता सहित राष्ट्रिय राजनीतिक शक्तिहरु बीच आपसी सहमति र सहकार्यको टड्कारो आवश्यकता देखिएको जनाएको छ ।




कांग्रेस संस्थापन इतर पक्षले साउन २९ देखि ३१ गतेसम्म काठमाडौंमा राष्ट्रिय भेला गर्ने यसअघि नै निर्णय गरिसकेको छ । भेलामा १४ औं महाधिवेशनबाट निर्वाचित केन्द्रीय पदाधिकारी सदस्यहरु, पूर्व केन्द्रीय पदाधिकारी सदस्यहरु लगाएत सबैलाई सहभागी हुन समेत इतर समूहले आग्रह गरेको छ ।




रामगोपालपुर नगरपालिका, महोत्तरी







गणेशमान चारनाथ नगरपालिका,धनुषा

## आवश्यक टेलिफोन नम्बरहरु

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### बर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय बर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| इलाका प्रशासन कार्यालय बर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# धनुषामा कर्फ्यु हट्यो, निषेधाज्ञा जारी

खबर दर्पण समाचारदाता
**साउन १६ गते, जनकपुरधाम**

धनुषा जिल्लामा जारी गरिएको कर्फ्यु आदेश हटाइ निषेधाज्ञा जारी गरिएको छ। जिल्ला प्रशासन कार्यालय धनुषाले शनिबार सूचना जारी गर्दै साउन १४ गते दिउँसो ३:३० बजेदेखि लागू गरिएको कर्फ्यु आदेश शनिबार बिहान १० बजेदेखि हटाइएको जनाएको हो।



प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद लुइँटेलद्वारा जारी सूचनाअनुसार जिल्ला सुरक्षा समितिको बैठकको निर्णयपछि कर्फ्यु हटाइएको भए पनि अर्को आदेश नभएसम्मका लागि निश्चित क्षेत्रमा निषेधाज्ञा भने यथावत् रहेको छ।

स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ (क) बमोजिम जारी निषेधाज्ञाअनुसार तोकिएका चार किल्लाभित्र पाँच जनाभन्दा बढी व्यक्ति एकै ठाउँमा भेला हुन, सभा, जुलुस तथा प्रदर्शन गर्न प्रतिबन्ध लगाइएको छ। प्रशासनले निषेधाज्ञाको उल्लङ्घन गर्ने जो-कोहीलाई नियन्त्रणमा लिई प्रचलित कानुनबमोजिम कारबाही गरिने चेतावनी पनि दिएको छ।

प्रशासनले सार्वजनिक गरेको विवरणअनुसार निषेधाज्ञा लागू हुने क्षेत्रको उत्तरमा लक्ष्मीनियाँ हाटबजार चोकदेखि सिनुरजोडा चोक हुँदै लक्ष्मीपुर बेङ्गासम्म, पूर्वमा बेलौनी रोडस्थित एमक्यु स्टिलबाट करिब ५०० मिटर पूर्व पेट्रोल पम्प हुँदै राष्ट्रिय प्राथमिक विद्यालयसम्म, दक्षिणमा नगराइन नगरपालिका क्षेत्रदेखि नगराइन चोकसम्म तथा पश्चिममा सिनुरजोडा -सोहनी-मनिमण्डप-नेपाल नर्सरी-इस्कोन जनकपुर-दुधमती पुल-बेला-कादरी मस्जिदसम्मको क्षेत्र समेटिएको छ।

जिल्ला प्रशासन कार्यालयले नागरिकलाई शान्ति, सुरक्षा र सामाजिक सद्भाव कायम राख्न सहयोग गर्न तथा कुनै पनि अफवाहको पछि नलाग्न आग्रह गरेको छ। साथै सुरक्षा निकायसँग समन्वय गरी जिल्लाको सुरक्षा अवस्थालाई निरन्तर निगरानीमा राखिएको प्रशासनले जनाएको छ।

पछिल्ला दिनमा जिल्लामा उत्पन्न असामान्य परिस्थितिलाई मध्यनजर गर्दै प्रशासनले सुरक्षा व्यवस्थालाई थप प्रभावकारी बनाएको जनाएको छ। नागरिकलाई कानुनको पालना गर्दै सामान्य जनजीवनलाई सहज बनाउन सहयोग गर्न पनि प्रशासनले अपिल गरेको छ।

# मधेसमा रोपाइँ अन्तिम चरणमा

खबर दर्पण समाचारदाता
**साउन १६ गते, बर्दिवास**

मधेश प्रदेशमा यस वर्षको धान रोपाइँ अन्तिम चरणमा पुगेको छ। आकाशे वर्षा र वैकल्पिक सिँचाइ प्रबन्ध बाट प्रदेशभर हालसम्म ९१ दशमलव ५५ प्रतिशत क्षेत्रफलमा रोपाइँ सम्पन्न भएको छ।

मधेश प्रदेश कृषि विकास निर्देशनालयका अनुसार प्रदेशको कुल तीन लाख ८२ हजार ४३३ हेक्टर रोपाइँयोग्य क्षेत्रफलमध्ये हालसम्म तीन लाख ५० हजार ११८ दशमलव ८८ हेक्टर क्षेत्रफलमा धान रोपाइँ सम्पन्न भएको छ।

निर्देशनालयका बागबानी अधिकृत किरण विश्वकर्माका अनुसार आठ जिल्लामध्ये सिरहामा सबैभन्दा बढी १०० प्रतिशत रोपाइँ सम्पन्न भएको छ। जिल्लामा ५४ हजार हेक्टर क्षेत्रफलमा धान खेती हुने अनुमान गरिएकामा सम्पूर्ण क्षेत्रफलमा रोपाइँ सकिएको उहाँले जानकारी दिनुभयो।

सप्तरीमा ६८ हजार हेक्टरमध्ये ६१ हजार २०० हेक्टर क्षेत्रफलमा रोपाइँ सम्पन्न भई ९० प्रतिशत प्रगति भएको छ। धनुषामा ४३ हजार ९०० हेक्टर क्षेत्रफलमा धान खेती गर्ने लक्ष्य रहेकामा हालसम्म ३७ हजार ३१५ हेक्टरमा रोपाइँ सम्पन्न भएको छ, जुन ८५ प्रतिशत हो।

त्यसैगरी महोत्तरीमा ७४ दशमलव ७७ प्रतिशत, सर्लाहीमा ९४ प्रतिशत, रौतहटमा ९३ प्रतिशत, बारामा ९५ प्रतिशत तथा पर्सामा ९१ प्रतिशत रोपाइँ सम्पन्न भएको निर्देशनालयले जनाएको छ।

अधिकृत विश्वकर्माले बाँकी क्षेत्रमा पनि केही दिनभित्र रोपाइँ सम्पन्न हुने अपेक्षा गरिएको बताउनुभयो।

# कालापानी वन विवाद........

हटाउने सूचना दिन पुगेका डिभिजन वन कार्यालयका कर्मचारी र स्थानीयबीच विवाद भएपछि स्थिति तनावपूर्ण बनेको थियो। सोही घटनाका क्रममा कार्यालयको बा २ झ २७४९ नम्बरको सरकारी सवारी साधनमा आगजनी भएको आरोपमा चार जनाविरुद्ध मुद्दा दर्ता गरिएको छ।

स्थानीयले उक्त मुद्दा झुटो र अन्यायपूर्ण भएको दाबी गर्दै त्यसको खारेजीको माग गर्दै आएका छन्। प्रशासनले कानुनी प्रक्रियामार्फत समस्या समाधान गर्ने प्रतिबद्धता जनाएको भए पनि आन्दोलनरत पक्षले मुद्दा फिर्ता नभएसम्म आन्दोलनका कार्यक्रम जारी रहने संकेत गरेको छ।

यसअघि गृहमन्त्री सुदन गुरुङ ले कालापानी वन प्रकरणमा अनुसन्धानको निष्कर्ष नआउँदै कसैलाई दोषी वा निर्दोष भन्न नमिल्ने बताउनुभएको थियो। धनुषाको लालगढमा सञ्चारकर्मीसँग कुरा गर्दै उहाँले घटनाको सत्यतथ्य प्रहरी अनुसन्धानबाटै बाहिर आउने उल्लेख गर्दै आन्दोलनका नाममा सडक अवरुद्ध गर्नु समस्याको दीर्घकालीन समाधान नहुने धारणा राख्नुभएको थियो।

उहाँले सरकारले वास्तविक सुकुमवासी तथा अव्यवस्थित बसोबासीलाई लालपुर्जा वितरणको प्रक्रिया अघि बढाइ रहेको उल्लेख गर्दै कानुनी प्रक्रिया पूरा हुन दिन र संयमता अपनाउन सबै पक्षसँग आग्रह गर्नुभएको थियो।












# कालापानी वन विवाद : प्रशासनको प्रतिबद्धतापछि सडक खुल्यो

धर्वेन्द्रकुमार यादव 'यदुवंशी'

**साउन १६ गते, बर्दिवास**

महोत्तरीको बर्दिबास नगरपालिका-३ कालापानीमा स्थानीयले अवरुद्ध गरेको बीपी राजमार्ग जिल्ला प्रशासन कार्यालय र आन्दोलनरत पक्षबीच भएको मौखिक सहमतिपछि शनिबार पुनः सञ्चालनमा आएको छ।

स्थानीयका माग सम्बोधनका लागि कानुनी प्रक्रियाअनुसार आवश्यक पहल र समन्वय गर्ने प्रशासनको प्रतिबद्धतापछि आन्दोलनरत पक्षले सडक अवरोध हटाएको हो। राजमार्ग सञ्चालनमा आएपछि लामो समयदेखि रोकिएका सयौं सवारीसाधन गन्तव्यतर्फ अघि बढेका छन्।

राजमार्ग अवरुद्ध भएपछि महोत्तरीका प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादव र जिल्ला प्रहरी कार्यालयका प्रहरी उपरीक्षक श्यामकुमार सारुमगर घटनास्थल पुगेर आन्दोलनरत स्थानीयसँग छलफल गर्नुभएको थियो। छलफलका क्रममा तत्काल लिखित सहमति हुन नसके पनि कानुनको दायराभित्र रहेर समस्याको समाधान खोज्ने प्रशासनको प्रतिबद्धतापछि स्थानीयले सडक खुलाएका हुन्।

स्थानीयले डिभिजन वन कार्यालयका कर्मचारीलाई नियन्त्रणमा लिएको तथा सरकारी सवारीसाधनमा आगजनी गरेको आरोपमा दर्ता गरिएको मुद्दा फिर्ता गर्नुपर्ने माग गर्दै शनिबार बिहानदेखि बीपी राजमार्ग अवरुद्ध गरेका थिए। आन्दोलनका कारण बर्दिबास हुँदै काठमाडौं तथा अन्य गन्तव्यतर्फ आवतजावत गर्ने सयौं



सवारीसाधन रोकिँदा यात्रुहरूलाई सास्ती भएको थियो।

कालापानी वन क्षेत्रको विवाद गत जेठ ११ गतेदेखि सुरु भएको हो। वन क्षेत्रको अतिक्रमण

बाँकी पृष्ठ ३ मा

# गृहमन्त्री गुरुङ र मधेश प्रदेशका मुख्यमन्त्री यादवविच भेट

खबर दर्पण समाचारदाता

**साउन १६ गते, जनकपुरधाम**

नेपाल सरकारका गृहमन्त्री सुधन गुरुङ र मधेश प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादवविच शनिबार जनकपुरधाममा भेट भएको छ ।

मुख्यमन्त्री निवासमा भएको भेटमा सुनसरी घटनापछि मधेश प्रदेशमा उत्पन्न असहज परि स्थिति, मधेश प्रदेशको सुरक्षा व्यवस्था लगायतको विषयमा उहाँहरुविचमा छलफल भएको मुख्यमन्त्रीका प्रमुख स्वकीय सचिव सन्तु यादवले जानकारी दिनुभयो । यादवका अनुसार गृहमन्त्री गुरुङले मधेश प्रदेशको विभिन्न जिल्लामा गर्नु भएको भ्रमण र वर्तमान अवस्थाको विषयमा मुख्यमन्त्रीसँग छलफल गर्नुभएको छ ।

भेटको क्रममा मुख्यमन्त्री यादवले गृहमन्त्री गुरुङलाई मधेश प्रदेशमा उत्पन्न अवस्था र वर्तमान अवस्थालाई सहज बनाउन प्रदेश सरकारको तर्फबाट भइरहेका कामकाजको विषयमा जानकारी गराउनु भएको थियो । भेटमा प्रतिनिधिसभा सदस्य मनिष झा, मधेश प्रदेशका गृह सञ्चार तथा कानुनमन्त्री फकिरा महतो, जनकपुरधाम उपमहानगर पालिकाका नगर प्रमुख मनोज साह, धनुषाका प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद लुइटेल, जनकपुरधाम उद्योग बाणिज्य संघका अध्यक्ष सुरेन्द्र भण्डारी सहित उच्च सुरक्षा अधिकारीहरुको उपस्थिति थियो ।












खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,